म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ३३२ २०८१ कार्तिक २४ गते शनिबार 9 November 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

**सुशासन प्रवर्द्धन गरौं**

- कानुन पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता बिरुद्ध शून्य सहनशील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागी बनौं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मुख्यमन्त्री लामाको उपलब्धी सार्वजनिक भएन

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार गठन भएको एक सय दिन पुरा भएको छ । एमाले-कांग्रेस गठबन्धनबाट मुख्यमन्त्री बहादुर सिंह लामाले सरकार गठन गरेको गत कात्तिक १६ मा एक सय दिन पुरा गरेपनि उपलब्धीहरु सार्वजनिक भएका छैनन् ।

गत साउन ९ मा सरकार गठन गर्नुभएका मुख्यमन्त्री लामाले एक सय आठ बित्दासमेत एक सय दिनको उपलब्धीहरु सार्वजनिक गर्नुभएको छैन । सामान्यत: सरकार गठन भएको एक सय दिनको अवधिको कार्यलाई विशेष मान्दै प्रगति विवरण सार्वजनिक गर्ने गरिन्छ । हनिमुन पिरियडको रुपमा व्याख्या गरिने उक्त अवधिको उपलब्धीले सरकारको लक्ष्य र अवस्था मापन गर्ने गरिन्छ । तर, मुख्यमन्त्री लामाको एक सय दिनको उपलब्धी सार्वजनिक हुन नसक्दा सरकारको अवस्था र कार्य प्रगति बारे विभिन्न कोणबाट टिकाटिप्पणी भइरहेका छन् ।

सरकारको एक सय दिनको उपलब्धी पनि निकै कमजोर देखिन्छ । सरकार औपचारिकतामा मात्र सीमित भएको देखिन्छ । प्रदेश सरकारका मन्त्रीहरु पनि खासै जिम्मेवार भएको देखिँदैन । मन्त्रीहरु खासै मन्त्रालयमा भेटिँदैनन् । अधिकांश मन्त्रीहरु गृह जिल्लामा नै केन्द्रीत भएर बस्ने गरेका छन् । मन्त्रालयमा उपस्थिति कमजोर हुँदा बजेट तथा कार्यक्रम कार्यान्वयन नै निकै सुस्त देखिन्छ भने नयाँ र फरक प्रकृतिको योजना कार्यान्वयन हुने अवस्था देखिन्न । मन्त्रीसहित मुख्यमन्त्री नै औपचारिक कार्यक्रम, गृह जिल्ला तथा सामान्य कार्यक्रम तथा उद्घाटन र शिलान्यासमा व्यस्त हुँदा सरकारको कार्य सम्पादन कमजोर देखिन्छ ।

अंक गणितीय रुपमा प्रदेश सरकारको नेतृत्वमा एमाले-कांग्रेसको गठबन्धन अत्यन्त मजबुद देखिन्छ । कांग्रेसका ३७ र एमालेका २७ गरी कुल ६४ प्रदेशसभा सदस्यको समर्थनमा बनेको सरकारले एक सय दिन पुरा गर्नु नै महत्वपूर्ण भएको मन्त्रीहरुको भनाई छ । अस्थिर राजनीतिका बिच दुई मुख्य ठुला दलबाट समस्याको निकास निकाल्ने र देश विकासको नयाँ आयाम आउने व्याख्या पनि भएका थिए । तर, बलियो अंक गणितसहित खडा भएको सरकारको जग भने निकै जोखिमपूर्ण रहेकाले सरकारको कामको प्रभावकारिता समेत कमजोर भएको उनीहरु बताउँछन् ।

मुख्यमन्त्री लामासहित मन्त्रीहरुले प्रभावकारी कार्य सम्पादन नभएकाले तत्काल सार्वजनिक गर्ने अवस्था नरहेको एक मन्त्रीले बताउनुभयो । सरकार गठनको एक सय दिन नै पुरा भएपनि कार्य अवधि एक सय दिन नभएको उहाँको व्याख्या छ । साउन ९ पछि चाडपर्व र विपद्का कारण सरकारले सोचे अनुरुप काम गर्न नसेकको उहाँको भनाई छ । "हामीले जिम्मेवारी पाएको एक सय दिन पुरा भएपनि कार्य अवधि एक सय दिनको छैन । विपद् र चाडपर्वले पुरा अवधि काम गर्न सकेको अवस्था छैन । काम नै केही हुन सकेको छैन । तर, पनि केही नयाँ कामहरु थालिएको छ । उपलब्धीहरु देखिने समय पनि भएको छैन । तत्काल एक सय दिनको उपलब्धीहरु सार्वजनिक गर्ने अवस्था देख्दिनँ", उहाँले भन्नुभयो ।

प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेका अनुसार सरकारको एक सय दिनको उपलब्धी सार्वजनिक गर्ने अधिकार मुख्यमन्त्रीको हो । चाडपर्वका कारणले एक सय दिनको मितिमा उपलब्धीहरु सार्वजनिक हुन सक्ने अवस्था नभएको उहाँले बताउनुभयो । सरकारले गरेका कामको उपलब्धीहरु तयारी अवस्थामा रहेपनि समय अनुकुल नहुँदा सार्वजनिक नभएको उहाँको भनाई छ । सरकारले प्रभावकारी कामहरु गरेको र उपलव्धीहरु पनि सन्तोषजनक नै रहेको उहाँको दावी छ । "एक सय दिनमा नै सरकारले कायापलट गर्छ भन्ने पनि हुन्न । सरकारको योजना अनुसार काम हुन केही समय लाग्छ । हामीले सिस्टम बनाएका छौं । त्यस अनुसार काम हुन्छ । उपलब्धीहरु क्रमश: देखिन्छन्", उहाँले भन्नुभयो ।

### विशेष योजना गोप्य राखिएको छ: मुख्यमन्त्री लामा

मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश सरकारले प्रभावकारी ढंगबाट काम गरेको दावी गर्नुहुन्छ । एक सय दिन पुरा भएपनि विपद् र चाडपर्वका कारण उपलब्धीहरु सार्वजनिक गर्न नसकेको उहाँको भनाई छ ।

छिट्टै नै पत्रकार सम्मेलन मार्फत् सरकारको १०० दिनको उपलब्धीहरु सार्वजनिक गर्ने उहाँले बताउनुभएको छ । सरकारले एक सय दिनमा विपद् व्यवस्थापनमा महत्वपूर्ण उपलब्धीहरु प्राप्त गरेको उहाँले बताउनुभयो । बजेट कार्यान्वयनको चरणमा सरकार गठन भएकाले तत्काल नयाँ र फरक प्रकृतिका योजनाहरु कार्यान्वयन गर्न सक्ने अवस्था नरहेको उहाँले स्पष्ट पार्नुभयो । सरकारले नयाँ र विशेष प्रकृतिका योजनाहरु गोप्य राखेको उहाँको भनाई छ ।

"एक सय दिन पुरा हुने समयमा तिहार परेकाले हामीले सार्वजनिक गर्न सकेनौं । छिट्टै नै मन्त्रिपरिषद् बैठकबाट निर्णय गरेर एक सय दिनको उपलब्धीहरु सार्वजनिक गर्छौं", उहाँले भन्नुभयो, "विशेषगरी विपद्का कारण सरकारलाई काम गर्न निकै समस्या भयो । हामीले एक सय दिनमा प्राप्त गरेको उपलब्धी पनि विपद् व्यवस्थापन नै हो । क्षतविक्षत भएको बागमती प्रदेशमा नागरिकहरुसम्म पुग्ने गरी सरकारले काम गरेको छ । चाडपर्वमा सडक संचालन हुने हो वा होइन भन्ने अवस्था थियो । हामीले अस्थायी रुपमा भएपनि कुनैपनि सडक अवरुद्ध नहुने अवस्था बनायौं । बजेट कार्यान्वयनको चरणमा रहेकाले विशेष योजनाहरु ल्याउन नसकेको हो । त्यसलाई हामीले गोप्य राखेका छौं ।"

## बस र माइक्रोबस ठोक्किँदा पाँच जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: चितवनको भरतपुर महानगरपालिका-२९, सत्रकिलोमा बस र माइक्रोबस ठोक्किएर दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । शुक्रबार बिहान ३ बजेको समयमा नारायणगढ-मुग्लिन सडकखण्डमा मुग्लिनबाट नारायणगढतर्फ जाँदै गरेको बा प्र ०६-००१ ज ०२९८ नम्बरको ईभि हाइस र विराटनगरबाट काठमाडौंतर्फ जाँदै गरेको बा प्र ०३-००१ ख २८१२ नम्बरको बस एक आपसमा ठोक्किँदा ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

दुर्घटनामा परी माइक्रो चालक चितवनको खैरहनी नगरपालिका-४ का अनोज अधिकारीसहित माइक्रोमै रहेका गोरखाको आरुघाट गाउँपालिका-५ का राजबहादुर गुरुङ, भारत घर भई पोखरा बस्ने राजकुमार साह, नवलपरासीको विनय त्रिवेणी गाउँपालिका-४ का सन्तोष भुसाल र सविना भुसालको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा तीन जना घाइते भएका छन् । घाइतेको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ ।

घाइतेमध्ये २ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । ज्यान गुमाउने पाँच जना र घाइतेमध्ये गम्भीर रहेका एक जना माइक्रोबसका यात्रु रहेका प्रहरीले जनाएको छ । बस चालक हेटौंडा-९ का ४४ वर्षीय सूर्य बिक्रम विष्टलाई सास फेर्न गाह्रो भई उपचारका लागि नयाँ मेडिकल कलेज लगिएको प्रहरीले जनाएको छ ।

## साहित्यकार घिमिरेको निधन

समाज संवाददाता

हेटौंडा: हेटौंडाका युवा साहित्यकार प्रभास घिमिरेको निधन भएको छ । हेटौंडा-१७, हटियाका २० वर्षीय घिमिरेको बुधबार भारतको लखनउमा कार दुर्घटनामा परी निधन भएको हो । घिमिरेसँगै दुर्घटनामा परी ३ जना नेपाली नागरिकको मृत्यु भएको थियो । घिमिरेको शुक्रबार हेटौंडा-९ स्थित त्रिवेणीधाममा अन्त्येष्टी गरिएको छ ।

२०६० साल कार्तिक ३० गते जन्मिएका घिमिरे संस्कृत विषय अध्ययनका लागि वृन्दावनमा बस्दै आएका थिए । नवसर्जक साहित्य चौतारीमार्फत साहित्य रचनामा सक्रिय घिमिरेको निधनले मकवानपुरे साहित्यमा ठूलो चोट पुगेको नवसर्जक साहित्य चौतारीका संरक्षक एव्म परिकल्पनाकार दीपक गौतमले जानकारी दिनुभएको छ । नवसर्जक साहित्य चौतारीको केन्द्रीय संस्थापक सदस्य समेत



रहनुभएका घिमिरे दशैं, तिहार लगायतको विदा सकाएर अध्ययनका लागि वृन्दावनतर्फ मंगलबार प्रस्थान गर्ने क्रममा दुर्घटनामा परेका हुन् । चितवन जिल्लाको देवघाटस्थित महेश सन्यास आश्रमबाट माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरेका घिमिरेले उत्तर मध्यमा पनि सोही आश्रमबाट गरेर शास्त्री तहको अध्ययनका लागि वृन्दावन पुगेका थिए ।

हास्यव्यङ्ग्यका साथै छन्द कवितामा कलम चलाउने घिमिरेले पछिल्लो समय सिस्नुपानी नेपाल मकवानपुरले तिहारको अवसरमा आयोजना गरिएको देउसी-भैलोमा बुलेट बाबाको भूमिकामा प्रभावशाली प्रस्तुती गरेका थिए । हेटौंडामा हुने साहित्यिक कार्यक्रममा हास्यव्यङ्ग्य कविता समेत वाचन गरेका व्यङ्ग्यकार घिमिरेले आफूलाई नवसर्जक साहित्य चौतारी मार्फत देश, विदेशमा भर्चुअल माध्यमबाट समेत प्रस्तुत गरेका थिए । राष्ट्रियस्तरको हास्यव्यङ्ग्य कविता प्रतियोगिता, गत वर्ष नेपाल सिस्नुपानी मकवानपुरले आयोजना गरेको राष्ट्रियव्यापी हास्यव्यङ्ग्य खुल्ला कविता प्रतियोगितामा समेत सहभागी भएका थिए भने राष्ट्रव्यापी कविता प्रतियोगितामा द्वितीय स्थानमा पर्न सफल भएका थिए । घिमिरेको निधनप्रति दुख व्यक्त गर्दै विभिन्न व्यक्तित्वहरुले उनीप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

## सुर्खेत-दैलेख सीमानामा गाडी दुर्घटना
## ४ जनाको मृत्यु, २५ घाइते

समाज संवाददाता

सिमकोट: दैलेखबाट सुर्खेत जाँदै गरेको फोर्स गाडी दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । दुर्घटनामा २५ जना घाइते भएका छन् । दैलेखको गुँरास गाउँपालिकाका उपाध्यक्ष शिवा खड्काका अनुसार घाइतेहरुलाई उद्दार गरी एम्बुलेन्समा सुर्खेतस्थित कर्णाली प्रादेशिक अस्पताल पठाइएको छ ।

शुक्रबार दिउँसो दैलेख बजारबाट सुर्खेत जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख ०९९८ नम्बरको यात्रुबाहक फोर्स गाडी सुर्खेत-दैलेख सीमाना वीरेन्द्रनगर-१४ रातानाङ्लानजिक दुर्घटना भएको थियो ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माका अनुसार दुर्घटनामा भैरवी गाउँपालिका-५ दैलेखका ३८ वर्षीय गाडी चालक सुरेश केसी, सोही गाउँपालिका-२ का ३६ वर्षीय कर्ण विष्ट, २१ वर्षीया सङ्गीता विष्ट र वडा नं १ का १७ वर्षीया दिपिका महताराको मृत्यु भएको हो । उनले भने, "दुर्घटनाको खबर आउनेबित्तिकै सुर्खेतका प्रहरी प्रमुख रुपेश खड्कासहितको टोली घटनास्थलमा पुगेको थियो ।

प्रहरीले ३० जनालाई उद्दार गरेर कर्णाली प्रदेश अस्पताल सुर्खेत पुर्‍याउँदा चिकित्सकले चार जनाको मृत्यु भएको घोषणा गरेका थिए ।" घाइतेहरूको प्रदेश अस्पतालमा उपचार भइरहेको र तीमध्ये तीन जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

२९ जना यात्रु सवार उक्त गाडी झण्डै दुई सय मिटर तल खसेको प्रहरीले जानकारी दिएको छ ।

## आन्तरिक ऋणको ब्याजदर ४ वर्षकै न्यून

काठमाडौं: बैंकिङ प्रणालीमा अधिक तरलता हुँदा सरकारले उठाउने आन्तरिक ऋणको ब्याजदर चार वर्षयताकै सस्तो भएको छ । आर्थिक वर्ष २०७९/८० मा करिब ११ प्रतिशतसम्म ब्याजदरमा विकास ऋणपत्र बोलकबोल भएकोमा चालु आव ४ प्रतिशतभन्दा तलको ब्याजदरमा समेत विकास ऋणपत्र बोलकबोल भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकले देखाउँछ ।

बैंकिङ प्रणालीमा अधिक तरलता भएर नेपाल राष्ट्र बैंकले स्थायी निक्षेप सुविधा र निक्षेप संकलन उपकरण बोलकबोल मार्फत निरन्तर तरलता खिचिरहेको छ । अधिक तरलता भएर ब्याजदर घट्दा आन्तरिक ऋणको लागत समेत कम हुने भए पनि सरकारले आव सुरुवातबाट नै

...बाँकी पृष्ठ ४ मा

## एक विदेशी नागरिकसहित एकैदिन ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको ४ जिल्लामा विभिन्न घटनामा एकैदिन ५ जनाको मृत्यु भएको छ । मृतक मध्ये एक विदेशी रहेका छन् । प्रदेशको काभ्रेपलाञ्चोक, नुवाकोट, चितवन र रसुवा जिल्लामा एकैदिन ६ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-४, मेथिनकोट अस्पतालमा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा उदयपुर जिल्लाको कटारी नगरपालिका-१० सोरूडटार घर भई हाल सिन्धुलीको सुनकोशी गाउँपालिका-३, झाँगाझोलीमा डेरा गरी बस्ने २५ वर्षीया मुना तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

तामाङ बिहीबार बिहान ३ बजेर ३० मिनेटको समयमा सुतिरहेको अवस्थामा एक्कासी बान्ता भई नाक र मुखबाट रगत बगी बिरामी भएकी थिइन् । तामाङलाई उपचारका लागि बिहान ७ बजेर १५ मिनेटको समयमा काभ्रेको मेथिनकोट अस्पताल लगिएकोमा बिहान ७ बजेर ३० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

नुवाकोट जिल्लाको बिदुर नगरपालिका-८, सामरी खोलामा सडेर गलेको अवस्थामा एक शव फेला परेको छ । सामरी खोलाको दोभानमा नाम, थर, र लिङ्गको पहिचान नखुलेको ब्यक्तिको सडेर गलेको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ । खोलाको बिचमा ढुङ्गामा अड्कि पानीमा आधा शरीर डुबेको अवस्थामा शव फेला परेको थियो । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि त्रिशुली अस्पतालमा राखिएको प्रहरीले जनाएको छ ।

नुवाकोट जिल्लाकै बिदुर नगरपालिका-४, बट्टारमा सुतेको अवस्थामा एक जना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा २८ वर्षीया संगीता मिजार रहेको प्रहरीले जानकारी दिएको छ । मिजार आफ्नै घरको दोस्रो तल्लाको कोठाको प्यासेजमा सुतेकोमा बिहीबार बिहान मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । शव पोष्टमार्टमका लागि टिचिङ अस्पताल काठमाडौं लगिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२४, लक्ष्मणचोकमा बोलेरोले मोटरसाइकल र स्कुटरलाई ठक्कर दिँदा स्कुटरमा सवार १ जनाको मृत्यु भएको छ । बिहीबार बिहान ११ बजेर ४० मिनेटको समयमा प्र ३-०१-०२४ च ४९९३ नम्बरको बोलेरोले बा प्र ०३-००१ प ३६५६ नम्बरको मोटर साइकल र प्रदेश ३-०३-००१ प ८८८२ नम्बरको स्कुटरलाई ठक्कर दिँदा दुबै सवारी साधनमा सवार ३ जना घाईते भएको प्रहरीले जनाएको छ । घाईते हुनेमा स्कुटर चालक चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-५, दारेचोकका ३१ वर्षीय सोजन शेरचन, स्कुटरमा सवार ३७ वर्षीया राम कुमारी गुरुङ र मोटरसाइकल चालक भरतपुर महानगर पालिका-२४ का ३१ वर्षीय हरिशरण थापा मगर रहेका थिए । घाइते तीनै जनालाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा स्कुटरमा सवार राम कुमारी गुरुङलाई १२ बजेर ५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । शेरचन र मगरको उपचार भइरहेका छ । बोलेरोका चालक नवलपुर जिल्लाको गैंडाकोट नगरपालिका-४ का ३४ वर्षीय राम खनाललाई ईलाका प्रहरी कार्यालय चनौलीको नियन्त्रणमा लिएको छ ।

चितवन जिल्लाकै माडी नगरपालिका-८, बैकुण्ठतालमा डुबेर बेपत्ता भएका पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा भरतपुर महानगरपालिका-

...बाँकी पृष्ठ ४ मा

# साथीलाई चिठ्ठी

मिति - २०८१/०५/१५



प्रिय साथी
मिठो मिठो सम्झना,

मनकामना चोक, हेटौँडा-२

म यहाँ सञ्चै छु। तिमी पनि सञ्चै छयौ होला। तिमीले पठाएको पत्र अस्ती भर्खरै प्राप्त गरेकी थिएँ। तिमीले आफ्नो छुट्टीका दिनहरू मोबाइल चलाएरै बितेको र मेरो छुट्टीका दिनहरूका बारे सोधेकी रहिछयौ। यसपालिको बिदामा त म कतै जान पाइनँ। तर तिमीलाई थाहा छ मैले थुप्रै पुस्तकहरु पढेँ नि 'मारियम मान्छे भई', 'घुम्ने मेचमाथि अन्धो मान्छे', 'तीन घुम्ती' र 'जनमत'। यी सबै पुस्तकहरूमध्ये मलाई 'मारियम मान्छे भई' भन्ने पुस्तक साह्रै मन परेको छ। आज म तिमीलाई यसै चिट्ठीमा त्यस पुस्तकको संक्षिप्त जानकारी समीक्षात्मक रुपमा दिने छु। आशा छ, झर्को नमानी पढ्नेछयौ।

लेखक परिचय: राधा पौडेल (वि.सं. नं. २०३०) एक लेखिकाका साथसाथै सामाजिक अभियन्ता पनि हुनुहुन्छ। उहाँले (राधा पौडल फाउन्डेसन) का मार्फत बालबालिका र महिलाहरुलाई सहयोग गर्दै आइरहनु भएको छ। मुख्य पेसाले नर्स, उहाँ मर्यादित महिनावारीको अवधारणा सुरुवात गर्ने पहिलो व्यक्ति हुनुहुन्छ। वि.सं. २०७० सालमा मदन पुरस्कार प्राप्त गर्न सफल पौडेलले थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्नुभएको छ।

पुस्तक परिचय: यस सुन्दर पुस्तकको अघिल्लो बाहिरी पृष्ठमा मुसलमान समुदायकी नारीले हिजाब लगाएर आफ्नो केश/गर्दन ढाकेर, हातमा पुरस्कार लिएर उभिएकी छिन्। यसै पुस्तकको पछिल्लो बाहिरी पृष्ठमा राधा पौडेल अर्थात लेखिकाको संक्षिप्त परिचय दिइएको छ। १५० पृष्ठ र १२ अध्यायमा लेखिएको यस सुन्दर, पुस्तक महिनावारीसँग सम्बन्धित छ। यस पुस्तकको आइएस वि.एन नम्बर ९७८-९९३७-७७५-३२-८ रहेको छ। यस पुस्तकको मूल्य रु.३३५ रहेको छ।

कथावस्तु: यस उपन्यासकी मुख्य पात्र मारियम, शनिबारकै दिन आफ्नै घरमा महिनावारी भएकोमा आफूले आफूलाई भाग्यमानी ठान्छिन्। तर महिनावारी भएको बेला यो नगर, त्यो नगर, भान्छामा नजाऊ, बुवा र भाइलाई नछोऊ, धार्मिक पुस्तक नचलाऊ, भनी उनलाई लगाइएको बन्देजका कारण उनले आफ्नै परिवारले उनलाई मान्छे बन्न नदिएको सरह ठान्छिन्। मान्छे बन्न आफ्नो महिनावारीको रगत लुकाउनुपर्ने कुरा मनमा राख्दै उनले ५ महिनासम्म आफु महिनावारी भएको कुरा घरमा बताइनन्। यही ५ महिनाको अवधिमा उनले आफ्नो महिनावारीको रगत लुकाउन, आफ्नी हजुरआमा (दादी) को साडी चोरेर ७ पिसमा काटेर टालो बनाउँछिन्। प्रयोग गरिसकेका टाला मलखादमा गाड्छिन् र बाँकि पुस्तकमा लुकाउँछिन्। तर उनको यो उपद्रो एक दिन परिवारमा थाहा हुन्छ।

त्यस दिनदेखि उनलाई विद्यालय जान दिइँदैन। उनका भाइबहिनीहरूसँग बोल्न पनि दिइँदैन। सहयोग माग्दै एकदिन उनले आफ्नी साथी रिमालाई चिठ्ठी लेखेर ठूली बहिनीलाई पुऱ्याइदिन लाउँछिन् तर त्यस चिठ्ठीको जवाफ आउँदैन। एकदिन रेडियोमा एक पुरुष र महिलाबीच महिनावारीमा के-कस्तो हुन्छ, यो के हो, के गर्नुपर्छ भन्ने विषयमा भएको छलफल सुनेर मारियम्लाई मनमा अठोट आउँछ। पछि त्यहाँ रेडियोमा बोल्ने महिला उनकै नजिकको स्वास्थ्य चौकीमा जनस्वास्थ्य नर्स भएको कुरा मारियमले थाहा पाउँछिन्। उनले आफ्नो पेट असाध्यै दुखेको कुरा बताएर आमालाई अस्पताल लान भन्छिन्। आमाले नजिकैको स्वास्थ्य चौकी लैजानु हुन्छ। त्यहाँ गएपछि मारियमले रेडियोमा बोलेकी नर्सलाई भेट्छिन् कुरा बताउँछिन्।

नर्सले आमालाई सम्झाउँछिन्। आमाले परिवारमा सम्झाएर मारियम विद्यालय जान पाउने हुन्छिन्। विद्यालयमा नर्स आएर जनचेतना फैलाउनु हुन्छ। केटीलाई मात्र होइन पुरुषलाई पनि महिनावारी जस्तै एक प्रकारको समस्या हुन्छ भनी नर्सले भन्नुहन्छ। महिला र उसको महिनावारीकै कारण पुरुषको जन्म भएको कुरा नर्सले बताउनुहुन्छ र विद्यालयमा अब महिनावारीको अन्धविश्वास हटेको छ। मारियम, रिमा, संधिरा र अन्य बाल क्लबका सदस्यहरुले समाजमा जनचेतना फैलाउँछन्। अन्ततः घर, परिवार, समाज, विद्यालय अन्धविश्वासमुक्त भएको र आफ्नो स्वतन्त्रताको अधिकार प्राप्त गरेकाले उनी आफू मान्छे भएको अनुभूति गरेको कुरासँगै यस उपन्यास सकिन्छ।

चरित्र चित्रण: यस उपन्यासकी मुख्य पात्र मारियम, सानैदेखि ज्ञानी र जिज्ञासु स्वभावकी छिन्। रिमा, उनले महिनावारी भएको बेला सहयोग गरेको साथी संधिरा बाल क्लबकी अध्यक्ष अम्मी अर्थात् उनकी आमा जसका उनीसहित चार सन्तान थिए। नर्स, यस उपन्यासकी सहायक पात्र जसले अन्धविश्वास अन्त्य गर्न जनचेतना फैलाइन्। अब्बा अर्थात उनका बुबा र उनलाई माया गर्ने दादी अर्थात उनकी हजुरआमा रिमालाई महिनावारी भएको बेला सहयोगी हात बढाउनुहुने उनकै शिक्षक यी सबै पात्रहरुले यस उपन्यास मनमोहक बनाएका छन्।

मूल सन्देश: यस उपन्यासबाट महिनावारी कुनै पाप नभई नारी/महिला/छोरीको अमूल्य गहना भएको कुरा बुझ्न सकिन्छ। महिनावारीप्रति कुनै पनि अन्धविश्वासमा मान्यता राख्न हुँदैन। जतिसुकै कठिन परिस्थिति आएपनि आफ्नो असल कार्य छोड्नु हुँदैन। हार खान हुँदैन। महिनावारीको रगत पवित्र हुन्छ, त्यही रगताम्मे, कोखबाट सन्तान जन्मिएका कारण हरेक पुरुषले महिला र उसको महिनावारीको सम्मान गर्नुपर्छ।

शीर्षक सार्थकता: यस पुस्तकका लागि मारियम मान्छे भई शीर्षक साह्रै मिलेको छ। किनभने महिनावारीको अन्धविश्वास हटेर आफ्नो अधिकार प्राप्त गरेको मारियम मान्छे भएको अनुभूति गरेकी छिन्।

पाठकीय प्रतिक्रिया: मलाई यस पुस्तक साह्रै नै मन परेको छ। हामी किशोर किशोरीका दबिएका आवाज उठाउन यस पुस्तकले मद्दत गरेको छ। तर, मलाई यस पुस्तकमा रिमा नाम गरेकी केटी महिनावारी हुँदा उसका केटा साथीहरूले उसलाई गाग्री फुटेको भनी भनेको चाहि पटक्कै मन परेन। यस्ता शंब्दहरुले हामी छोरी/चेली/नारी/महिलाहरुलाई दबाएको, खुम्च्याएको र हेपेको छ।

आशा छ, तिमीलाई अवश्य पनि यो पुस्तक मन पर्नेछ। तिमीले पनि कुनै पुस्तकको समीक्षा लेखेर पठाउने छयौ भन्ने आशा गरेकी छु। हस् त, आजलाई बिदा चाहान्छु। बाँकि कुरा भेटमा गरौंला।

**तिम्री प्रिय साथी**
**प्रज्वलिता चापागाई**

| प्रेषक | प्रापक |
|---|---|
| प्रज्वलिता चापागाई | क्रिष्टी खड्का |
| मनकामना चोक, हेटौँडा-२ | सानेपा, ललितपुर |

(साहित्य संगम मकवानपुरले राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा आयोजित चिठ्ठी लेखन प्रतियोगितामा सान्त्वना हुन सफल चिठ्ठी)

# नियम



**मित्र उराठी गौतम**

**लघुकथा**

"सहयोग गरौं हजुर ! सहयोग गरौं !!"

बाढी, पहिरो पीडितका लागि सहयोग उठाउँदै हिंडेको समूहले माइकिङ गरिरहेको थियो।

मानिसहरू कसैले चामल, दाल, तरकारी कसैले लत्ताकपडा त कसैले गच्छे अनुसार पैसा दिइरहेका थिए।

ब्यानर सहितको उक्त समूह सहयोग उठाउँदै अगाडि बढिरहेको थियो।

अलि पर बाटो किनारमा चामलका बोराहरू थुप्रिएका थिए। नजीकै डोजरले खाल्डो खन्दै थियो।

"हैन्, यो के गर्न लागेको हो ?" समूहको एकजनाले जिज्ञासा राखे।

"बजार अनुगमन गर्दा घुन, चिल्सा भएको गुणस्तरहीन चामल बिक्री गरेको भेटिएकोले खाल्डो खनेर पुर्न लागेको।" अनुगमन टोलीको नाइकेले प्रष्ट पाऱ्यो।

"बाढी, पहिरो पीडितको लागि खाद्यान्न अभाव छ। हामी सहयोग उठाउँदै हिंडेका छौं। बरु त्यो चामल यतै लगौं न।" समूहबाट आशातीत आग्रह भयो।

"हैन हैन, त्यसो गर्न नियमले मिल्दैन। यो चामल खाल्डोमै पुर्नुपर्छ।" अनुगमन टोलीले जवाफ दियो।

*(स्रोत: साहित्यपोष्ट)*

# नेपालीको शान



**कृष्ण कुमार वैद्य**

अग्रजहरुको
कुप्रिएका हाडलाई
धाप मार्दै
अघि बढ्दैछन्
नयाँ पुस्ताहरु।

सलहझैं बगिरहेछ
पूँजीवाद विरुद्ध
जाइलाग्दै
समाजवादको
रातो झण्डा फहराउँदै।

गगनभेदी नाराले
सडक, चोक, गल्ली
गुञ्जायमान पार्दै
जनताको प्रजातन्त्र र
समाजवाद जिन्दावाद !

हिमाल, पहाड, तराई
एकता र समावेशी
नेपालीको पहिचान
सदा रहिरहोस्
नेपालीको शान।

*बनेपा-९, काभ्रे*

# मेरो देश बनाउनु पर्दैन



**कृतिका हुमागाईं**

बाटो हिलो छ, बनाउ बाटो
कोइ रोकिनु पर्दैन
छिटो जानु छ, गाडी उडाउ जहाज
कोही रोक्नु पर्दैन

मेरो देश त यसै सुन्दर छ
यसलाई बनाउन पर्दैन

टाडाटाडा कुरा गर्नुछ
तिम्रो जीवन हो।
होला केहि इच्छा आकांक्षा
तिमी पूरा गर

नभन तिमी देश बनाउँछु
तिमी तिम्रो लागि विकास गर
यसमा पछि हट्नु पर्दैन

हेर धर्ती र आकाश
हेर नदि र झरना

हेर पहाड अनि
हेर हिमाल


यहाँ कतै कमी देखिँदैन
मेरो देश त यसै सुन्दर छ।
यसलाई बनाउनु पर्दैन।

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२*






**निर्मिक श्रेष्ठ**
**कक्षा-५, जिएस निकेतन, हेटौंडा-५**






**दिपासना थापा**
**कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट**
**हेटौंडा-४**

## गाउँखाने कथा

१. मुखभरि दाँत मेरो नबोली नै बस्छु, आधा वैश ढल्केपछि बल्ल मुख खोल्छु।
- अनार

२. आन्द्रा जोडी चलाउँदा ऐना बोल्न थाल्छ, त्यो ऐनाको भुँडीभित्र संसार हुन्छ।
- टि.भी.


३. धेरै माथि उड्ने गर्छ चरो पनि होइन, लामो–लामो पुच्छर छ सर्प पनि होइन।
- चङ्गा

४. जति पटक काटे पनि मर्ने कहिल्यै हैन, काटे पनि मानिसलाई नभई पनि हुन्न।
- नङ

५. एकादेशको थिए राजा, खुवाउँथे सबैलाई मीठो खाजा।
- घट्ट

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।



**सम्पादक**

# बाटो बिराएका बाटाहरु

निबन्ध



✍विष्णु पाढुका




तला चढ्ने लिफ्ट बिग्रे जस्तो नहुने रहेछ दुर्गमको बाटो बिग्रनु । बाटो च्यातिएको देख्दा डर च्यातिने रहनेछ । पुल चुडिएको देखेर मन जोडिने रहेनछ । बगिगएका आफन्त बादलसँग पानी फर्किए जस्तो नफर्किने रहेछ ।

संसारका अधिकांश मानिसको जन्म 'बाइलजिकल गल्ती' हो । त्यसमध्ये अझ धेरैको जन्म जोग्राफिकल गल्तीसँग पनि जोडिएको हुन्छ । यी दुवै भनाइ मेरा नभएर पनि म दुवैसँग गाँसिएको छु । अनायास र अपवाद भन्ने कुरा मात्र हुन् । तिनीहरुको पनि त आधारभूमि हुन्छ नि खोज्न सके !

प्रकृतिका सुन्दर दृश्य वर्णन गर्ने सुमधुर आवाजको वक्ता हुन सकिएन । ती सुन्दर दृश्य शब्दमा ढालेर लठ्ठ पार्ने लेखक पनि हुन सकिएन । ती दृश्य, जस्तो यी रुखा आँखामा देखिन्छन् त्यस्तै चित्रमा उतार्ने कलाकार हुन सकिएन ।

युग प्रविधिको हो । ती सुन्दर दृश्य मोबाइल या क्यामरामै कैद गर्न पाए नि हुने नि ! खुट्टा दुखाएर पुगेका ठाउँका तस्वीर दुरुस्त खिच्न पाए पनि हुने नि ! ढंग नपुगेको हो कि स्तरीयता दिने पैसो नपुगेको हो, अलिक बलिया तस्वीर कैद गर्न कहिल्यै सकिएन ।

बाटोले बाटो कुरिरहेको छ । यात्रुले यात्रा कुरेको छ । सुन्दर दृश्यले आँटिला दर्शक कुरेको छ । ठेस लाग्दै हिंड्दा कुमारी पहाड मात्र छैनन् बाटोभरि । बलात्कृत धर्तीका छातीहरु पनि छन् । टुटेका, चुँडिएका पुल र तुइन मात्र छैनन्, त्यसले दिएका तमाम घाउहरू पनि छन् । आकाश छेडुँला झैं उभिएका चुचुरा देखेर किन तर्सिनु ? सबै टेकेर सकाउनु पर्ने होइन । कति कुरा हेर्दै आनन्द लिन मात्र बनिएका हुन्छन् । तिनको उपयोग भनेको केवल पारखी आँखाको हेराइ मात्र हुन्छ ।

पहाड अग्लो हुँदैमा बाटो चुचुरोमा पुऱ्याउन त पर्दैनथ्यो नि, फेदी र किनारैकिनार पनि हिंडाउन सकिन्छ बाटो, मान्छेको जिन्दगी जस्तो ।

तुलनाको पहाडले मान्छेको धरातल बेस्सरी थिचिएको देख्छु म अचेल । त्यो थिचोमिचो मेरा तस्वीरले पनि सहेका छन् । देखेका छन् । नागबेली परेर मेरै निधार खुम्चिए जस्तो खुम्चिएको नदीको पानीमा आकाशको निलो रंग पोखिएको सुन्दरतम् दृश्य मेरा तस्वीरले देखाउन नसकेकै हो ।

म यस्ता कुरामा मोबाइलको आँखाको मेगापिक्सेलसँग कसरी बहस गरौं ? मलाई त यो देशका ताल, हिमाल नदी, भीरपाखामा मान्छेका नाङ्गा आँखाले 'आहा !' देखुन् भन्ने लाग्छ । एक पटक हिमाल आरोहण गरेर फेरि नफर्किने भन्दा बेलाबेला आधार शिविरबाट नियाल्न मन पराउनेलाई हिमालले आफ्ना विविध रंग देखाउँदो हो ।

अखवारका पाना, काँचका स्क्रिन र होडिङ्ग बोर्डमा मात्र सजाउन सजिलो भएर हो कि अनमोल यी खजाना कौडीमा नबिक्ने माल भएका ! लिलाम हुन नसकेका वस्तु जस्तो सस्तोपन देखेर ठेसमात्र लाग्ने बाटोको चोट खुट्टामा भन्दा मनमा लागिरहेको छ मलाई । गौंडा भीर र नदीको कटानले बाटो बिर्साएको छ । यो कल्पनाको कालो पोतेर कसैको बेइज्जती गरेको हुँदै होइन । पच्चीस वर्ष भयो यो बाटोमा नङ्गबाट रगत बगेको । एक चौथाई शताब्दी भनेको सायद थोरै होला युगका लागि । तर म जाबो एक मनुवाको त आधै उमेर हो त बाबै ! यही बाटो नाप्ने हैसियत बनाउन अर्को एक चौथाई शताब्दी पनि त जोड्नु यो गरीबले । युग, हैसियत अनि गरीबी तुलनाकै पहाड हुन् । साँच्चिकै यी गह्रौं बोझहरूले दिनदिनै थिचिरहेको छ ।

यो देशको एक टुक्रा भूगोलको नाम लिएँ भने बाँकी भूगोलको पाप लाग्नेछ मलाई ।

तला चढ्ने लिफ्ट बिग्रे जस्तो नहुने रहेछ दुर्गमको बाटो बिग्रनु । बाटो च्यातिएको देख्दा डर च्यातिने रहनेछ । पुल चुडिएको देखेर मन जोडिने रहेनछ । बगिगएका आफन्त बादलसँग पानी फर्किए जस्तो नफर्किने रहेछ ।

चट्याङको आक्रोश कहाँ पोख्नु ? अन्धाधुन्ध गुहार कोसँग माग्नु ? कठैको विकल्प केही देखिन्न ? मलाई प्रश्नको गोरेटोले भीरको गोरेटो बिर्साइरहेछ । कि बास बस्न नदेऊ कि बास बस्ने ठाउँमा पुग्ने बाटो बनाइदेऊ । बाटोको नाममा घाट बनिरहेका यी मान्छेका पाइलाका छाप मात्रलाई म कसरी बुझुँ ?

गाउँ पूरै शहर पसेको भन्छन् भन्नेहरु, म देख्नेलाई यो कुरासँग पटक्कै विश्वास छैन । गाउँमा विश्वास नलाग्ने धेरै विश्वास छन् भनेर कविता लेखेको पनि धेरै भयो । कविता लेखेर यो देशमा केही हुँदैन भनेर बुझे पनि कविहरू कविता लेख्न छोडेकै छैनन् । मानौं, कविता मात्र हो यो देशको मुक्तिदाता । सुगाको आँखामा मात्र देख्ने र तीर हानिरहने अर्जुनको अनुहार दारीले छोपिएला, यो देशमा केही परिवर्तन हुँदैन । यो चरम निराशा पोखिनुमा यो बाटो हराएको बाटोलाई मात्र दोष लगाएँ भने म पनि त्यही हेलाकै भेलमा हेलिए हुन्छ ।

यहाँ त देख्नु परिरहेछ यी अबोध आँखाले कतै भवन मात्र, बस्ती छैन । कतै प्रहरी मात्र, सुरक्षा गस्ती छैन । औषधि हुँदा डाक्टर छैन । बिरामी हुँदा अस्पताल छैन । स्कुल र विद्यार्थी छन् शिक्षक छैनन् । जाँच छ पढाइ छैन । समय छ मान्छेलाई फुर्सद छैन । मानौं, समस्या मात्र छन् समाधान छैन ।

विसङ्गतिको भासमा गाडिएर निस्केको मान्छेले के देओस् बाहिर आएर । तपाईं शहरमा हुनुहुन्छ । अलिकति सम्पन्नता जोड्नुभएको छ आफूसँग । तपाईं देशबाहिर हुन पनि सक्नु हुन्छ । मिहिनेतको मेसिन चलाइरहनुभएको पनि हुनसक्छ । मलाई गर्व लाग्छ, तपाईंले देखेका सपनाहरुसँग । तपाईंले बगाएको पसिनासँग लोभ लाग्छ मलाई पनि । प्रगति र उन्नतिको मोह देखेर म पनि मोहित हुन्छु । तपाईंमध्ये कसैको चर्चा चुलिएको देख्दा म झलक्क यी पहाड सम्झिन्छु । सर्वोच्च शिखर सगरमाथा सम्झन्छु । मेरो पनि छातीमा लालिगुराँस फुल्छ । यस्तो लाग्छ, म तपाईंकै छेउमा छु । मेरो नशामा पनि तपाईंको रगत मिसिएर बगेको छ । मलाई कत्ति भ्रम छैन कि म पनि तपाईं जस्तै नेपाली हुँ । अन्तर यत्ति हो, म आफ्नो वृत्तमा खुरी खेल्दैछु तपाईं अरु कसैको वृत्तमा ।

पानी खेर जानु र पिउन नपाउनुले मलाई पोल्छ । बजेट आउनु र काम नहुनुले मलाई जलाउँछ । हाजिर हुनु, जागिर पाक्नु र न्युनतम सेवा नपाउनुले मलाई रीस उठ्छ । के यी सबै बाटाहरु बाटो बिगार्ने र बाटो हराउने बाटा होइनन् ?

बाटाभरि बाटोका योजना बुनेर हिंनेको आधै शताब्दी भयो । कति योजनाको मृत्यु भैसक्यो । आजसम्म मलामी जाने बाटो बन्न सकेको छैन । घाटको बाटो आखिर सबैले हिंड्नुपर्छ । काँध चढेर जान पाउनु भयो भने तपाईं भाग्यमानी हो । मैले त लोटेको ठाउँलाई नै मसानघाट बनाएको देखेको छु । मान्छे बाटोबाट लोटेर भीरमा खसेको देखेको छु । भीरमै अन्त्येष्टि भएको देखेको छु । त्यसैले बाटो भएर काँध या मोटर चढेर घाट पुग्ने सबै लासलाई भाग्यमानी लास भन्ने गरेको छु । भाग्यमानी लास हुन पाउनुभएकोमा मलाई तपाईंप्रति कत्ति ईर्ष्या छैन । कुन भीरमा या कुन तीरमा सकिन्छु, कत्ति चिन्ता छैन । चिन्ता त यत्ति हो कि म अन्तिम अभागी सावित हुन सक्छु कि यो निरन्तरता अझै लम्बिन्छ ?

तपाईं ओहदामा हुनुहुन्छ । सायद राजनीतिक या निर्णायक ओहदामा पनि । शत्रु नसम्झिनु होला । म पनि यही देशको पानी पिएर हुर्केको हुँ । तपाईंलाई झैं मलाई पनि यो देशको चिन्ता लिने अधिकार छ । उसो त तपाईंको नजर यस्ता झारपातमा नपर्न सक्छ । झारपातको उपयोग गर्दै झारपात बिर्सनु पनि बाटोमा बाटो हराउनु जस्तै हो महोदय !

महोदय ! हामीले चिल्लो सडक मागेकै होइनौं । तर्नै पर्ने नदीमा कसरी हामफालेर आत्महत्याको उदाहरण दिऊँ । सय मिटरको ग्याबिनको अभावमा हरेकपटक एक घन्टा उकालो र एक घन्टा ओरालो कति हिंडाउनुहुन्छ बिना बाटोमा । तपाईंका योजना बृहत् छन्, होलान् । तर यहाँ त एकै पाइलो चिप्लेर ज्यान गएको छ । मलाई लाग्छ, योजनाभन्दा ज्यान ठूलो हो । ज्यान जोगाइदिनुहोस् महोदय !

तपाईं नयाँ विश्वविद्यालय र ठूला अस्पतालको उद्घाटन गर्नुहोस्, म समाचार सुनेरै ताली बजाउँला । यहाँ साना नानीले ज्वरो र झाडापखालाबाट बाँच्दै कखग र एबीसीडी चिन्न पाए हुन्थ्यो । तपाईं सुशासन कायम गर्न ठूला माछा पक्रनु होस् तर साना भुराले द्वाली छलेर पोखरी सुकाएको हेर्न म विवश छु महोदय !

खल्तीभरि पैसा कमाउन शहर छिरे पनि पेटभरि सास फेर्न गाउँ जानुपर्ने छ । घोडा, खच्चड र याकलाई चिप्लो बाटो चाहिन्न हजुर । भोट थोरै भएका ठाउँमा भोट धेरै भएको ठाउँका मानिस घुम्न रुचाउँछन् । उकालोओरालो, भीरपाखा शहरमा उमार्न सक्नुहुन्न । तिनलाई जीवित राख्न गाउँघर नै आवश्यक छ । जनसंख्या र भोट थोरै राखेर विशाल भूगोल ओगट्ने कर्णाली जस्ता सुन्दर ठाउँका यी समस्या मेरा मात्र होलान् भनी ठान्दिनँ म । र त महोदय, भन्न मनलाग्छ बाटोले बाटो नहराओस् । *(स्रोत: साहित्यपोष्ट)*

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## शिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२१)*

बागमती गाउँपालिकाको कार्यालय झुरभझुरे मकवानपुरको मिति-०८१/०७/०९ गते प.सं. ५९८ को प्राप्त शिक्षक नियुक्ति विज्ञापन अनुमतिपत्र र मिति २०८१/०७/१२ गते विद्यालयमा बसेको वि.व्य.स.को बैठकको निर्णय अनुसार गा.पा.अनुदान नि.मा.वि. (विज्ञान विषय) शिक्षक पदपूर्ति गर्न विज्ञापन गर्ने भएकोले तपशिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**(विज्ञापन नम्बर : ०१/२०८१/२०८२**

पद : नि.मा.वि. बिज्ञान शिक्षक (गा.पा.अनुदान)

पद संख्या : १ (एक)

आवश्यक शैक्षिक योग्यता : विज्ञान मुल विषय लिई प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेको ।

तलब भत्ता : स्थानीय सरकारले तोके बमोजिम ।

उमेर : १८ वर्ष पुरा भई ४० बर्ष ननाघेको ।

दरखास्त दस्तुर : रु. १,०००/-

दरखास्त दिने अन्तिम मिति : २०८१/०८/०५ गते विद्यालय समयभित्र ।

सम्पर्क मिति : २०८१/०८/०६

परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिने छ ।

परीक्षाको किमिम : लिखित, अन्तरर्वाता र आवश्यक परेमा प्रयोगात्मक ।

आवश्यक कागजातहरु : नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि २ प्रति, सम्पुर्ण शैक्षिक प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, अध्यापन अनुमति प्रमाण-पत्रको प्रतिलिपि २ प्रति (अनिवार्य नभएको), छनौटको समयमा सक्कल प्रमाणपत्र अनिवार्य ।

**सम्पर्क मो.नं.: प्र.अ.-९८४५२९०८५०, अध्यक्ष-९८६१५४२३२७, स.प्र.अ.-९८६१५३९२२४**

(**नोट** : विद्यालय बीचमा केहि दिन बिदा हुने भएको छ, तर बिदाको समयमा पनि रितपुर्वक दरखास्त Gmail मा पनि आबेदन पठाउन सकिने छ । janahitbasicschoolratomate22@gmail.com, ratnamagar344@gmail.com

**प्रधानाध्यापक**

**श्री जनहित आधारभूत विद्यालय**

**बागमती गा.पा.–६, रातोमाटे, मकवानपुर**

(यसअघि प्रकाशित सूचनामा सूचना प्रकाशित मिति २०८१ कात्तिक २१ गते हुनुपर्नेमा असावधानीवस अन्यथा भएकोले सच्याइएको छ ।)

## साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी

सम्पर्क : ९७४५०२८५५५



**मेष राशिः** राजनीतिमा राम्रो समय छ । आफन्तहरुबाट भने जस्तो सहयोग नपाइएला । प्रयास गरेमा नयाँ रोजगारी प्राप्त होला । बन्दव्यापार र कारोबारमा वृद्धि हुने समय छ । दौडधूपमा समय व्यतित होला । बुद्धिकौशल र बाहुबलको प्रयोग गर्नुपर्ने समय छ । प्रयास साध्य समय छ । अध्ययन–अध्यापन ठिकै रहने योग छ ।

**वृष राशिः** आँटेताकेका कामहरु सम्पन्न होलान् । परिवार र समुदायको हितका काममा समय व्यतित होला । सामाजिक उत्तरदायित्व बहन गर्नुपर्ने समय योग छ । पद वा सम्मानित जिम्मेवारी हात पर्ला । भाग्यले साथ दिने समय छ । व्यापार–व्यवसाय मध्यमकारक रहेको छ । नोकरी र व्यवसायिक कर्ममा सुधार आउला । पढाइ–लेखाइ ठिकै छ ।

**मिथुन राशिः** खर्चवृद्धि र ऋणभारले तनाब बन्न सकिने छ । परिस्थितिलाई जितेर अगाडि बढ्ने प्रयास गर्दा राम्रो रहला । अस्वस्थ परिस्थितिले पिरोल्ने छ । व्यापार–व्यवसाय मध्यमकारक छ । अध्ययन–अध्यापनमा मन जाने छ । धार्मिक एवम् सामाजिक कामबाट मन हलुका होला र गरिएका प्रयासमा सफलता प्राप्त हुनेछ ।

**कर्कट राशिः** मित्रको सहयोगले मन प्रफुल्ल होला । दाम्पत्य जीवन सुख र समृद्ध होला । यात्रा योगमा सरिक भई रमाइलो होला । अध्यापन र लेखनमा खासै रुचि नहोला । सहकार्य र समझदारीको समय छ । धार्मिक एवम् सामाजिक काममा सरिक भइएला । जिद्धीपन बढ्ला । साहित्यिक रुचि जाग्ने छ ।

**सिंह राशिः** प्रतिद्वन्द्वी सामु क्षमता प्रदर्शन होला । जिम्मेवारी बहन गर्नुपर्ला । आवश्यक यात्रामा घर बाहिर जानुपर्ला । प्रयासले आर्थिक लाभ होला । मानसिक रुपमा सबल भइएला । आफन्तको सहयोग प्राप्त होला । सहयोगीहरु प्रतिस्पर्धामा आउलान् । धार्मिक एवम् सामाजिक कृत्यमा सरिक भइने छ ।

**कन्या राशिः** बौद्धिक क्रियाकलापमा सरिक भइने छ । कला र सिर्जनाका क्षेत्रमा मनजाला । व्यापार–व्यवसाय मध्यमकारक होला । धार्मिक एवम् सामाजिक कामबाट लाभ प्राप्त होला । कल्पना भावनामा रमाइएला । ज्ञानमूलक क्रियाकलापमा सहभागी भइएला । कारोबारप्रति सचेतता अपनाउँदा राम्रो रहन्छ ।

**तुला राशिः** जिम्मेवारी बढ्ने समय छ । नैराश्यता र चिडचिडेपन बढ्ला । स्थिर आम्दानीका लागि संघर्ष गर्नुपर्ला । आन्तरिक सम्बन्ध आत्मीय बन्ला । कार्य प्रगति तर्फ लम्कने अवसर मिल्ला । चुनौतिका बाबजुद नसोचेका काम बन्न सक्छ । धैर्यले काम लिनुपर्ला । आर्थिक सङ्कटले सजाउला । पढाइ–लेखाइ ठिकै छ ।


**वृश्चिक राशिः** आफन्तका काममा समय बित्ला । पराक्रम र प्रसिद्धिमा वृद्धि हुनेछ । सहकर्मीको साथ पाइएला । व्यापार–व्यवसाय मध्यमकारक छ । कलकारखानाका कामहरु सफल होलान् । अध्ययन-अध्यापन ठिकै रहला । धार्मिक एवम् सामाजिक काममा सरिक भइएला । खर्चमा भने अचानक वृद्धि होला ।

**धनु राशिः** धनार्जन हुने योग छ । श्रमको उचित मूल्यांकन होला । छलफलमा व्यस्त भइने छ । अचानक मित्रमिलन प्राप्त होला । व्यापार–व्यवसायबाट लाभ होला । बोली र व्यवहारमा नम्रता कायम गर्नुपर्ला । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ । अध्ययन–अध्यापनका कामहरु मध्यमकारक रहलान् ।

**मकर राशिः** कानुनी उल्झन र आर्थिक व्यवस्थापन गर्नुपर्ने समय छ । काम गर्ने उत्साह जाग्ने छ । कडा परिश्रमको आवश्यकता छ । दुर्घटनाबाट बच्नुपर्ने योग छ । धैर्य र संयमले काम गर्दा राम्रो रहन्छ । उत्साह र शरीरमा स्फूर्तिको उदय होला । चिताएका कामहरु सम्पादन होलान् । धार्मिक एवम् सामाजिक यात्रामा सरिक भइने छ ।

**कुम्भ राशिः** खर्चको मात्रामा अचानक वृद्धि होला । कारोबारमा सावधानी अपनाउनु पर्ला । लेनदेनमा सर्तकता अपनाउँदा राम्रो रहन्छ । कामको चापले अरु रुष्ट बन्लान् । सामाजिक एवम् धार्मिक काममा सरिक भइने छ । व्यापार–व्यवसाय तनाव रहला । अध्ययन–अध्यापन र परिश्रमको कामले सफलता होला ।

**मीन राशिः** प्रतिस्पर्धीहरु पराजित होलान् । कार्यक्षेत्र र पेशा व्यवसायबाट लाभ बटुल्ने समय छ । आशीर्वादले रोकिएको काम बन्न सक्छ । घमण्ड र अडान सहनु समुचित हुँदैन । सामाजिक एवं धार्मिक काममा सरिक भइने छ । आहारविहारको अनुशासन पालन गर्दा राम्रो रहन्छ । पढाइ–लेखाइ ठिकै छ ।




•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## जेसीज खुल्ला फुटबल प्रतियोगिता

# एफसी नमोबुद्धको सुखद सुरुवात



समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा शुक्रबारबाट दोस्रो संस्करणको चैनपूर जेसीज खुल्ला फुटबल प्रतियोगिता सुरु भएको छ। चैनपुर जेसीज मनहरीको आयोजनामा मनहरी-४, मसिनेस्थित गोलघर खेलमैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महजर्नले गर्नुभयो ।

उद्घाटन खेलमा मनहरी गाउँपालिकाको ४ नम्बर वडाले सुखद् सुरुवात गरेको छ। हेटौंडा उपमहानगर पालिका पदमपोदखरीको एफसी नमोबुद्ध क्लबलाई २-० गोलले हराउँदै एफसी नमोबुद्धले विजयी सुरुवात गरेको हो । नमोबुद्धको जीतमा सुनिल लामाले २६ मिनेटमा र स्यामुयल सुनारले ४३ मिनेटमा सम्मान एक-एक गोल गरे । म्यान अफ द म्याच सुनार घोषित भए।

गाउँपालिकाको ४ नम्बर वडाको मुख्य सहयोगमा सञ्चालन भएको प्रतियोगिताको विजेताले एक लाख एक हजार १११ रुपैयाँ र उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार ५ सय रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा १६ वटा टिमहरुको सहभागिता रहेको छ। प्रतियोगिताको फाइनल खेल मंसीर ३ गते हुनेछ । गत वर्ष भएको पहिलो संस्करणको प्रतियोगिताको उपाधि प्रदेश प्रहरी गणको टिमले उपाधि जितेको थियो।

चैनपूर जेसीज मनहरी वर्ष २०२४ का अध्यक्ष रविन ढकालको सभाध्यक्षमा भएको प्रतियोगिताको उद्घाटन कार्यक्रममा गाउँपालिकाको अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्य रहेको थियो । उद्घाटन समारोहमा जनप्रतिनिधि, वडाध्यक्षहरु र राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेको थियो। प्रतियोगिता अन्तर्गत आज शनिबारको खेलमा हाँडीखोला युथ क्लब र जनसिद्ध युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ।

## एक विदेशी...

१६, गरिमा टोलका ३५ वर्षीय अर्जुन गौतम रहेको प्रहरीले जानकारी दिएको छ । बिहीबार गौतम परिवारहरुसहित टोलबाट घुम्नका लागि गएकोमा ताल नजिकै रहेको ढुङ्गामा चढी फोटो खिच्ने क्रममा चिप्लिएर सोही तालमा डुबी अर्जुन बेपत्ता भएका थिए। बेपत्ता भएका अर्जुनको खोजी गर्दै जाँदा बिहीबार दिउँसो ४ बजेर ४५ मिनेटको समयमा पोखरीमा फेला परेको प्रहरीले जानकारी दिएको छ।

रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका-४, लाङटाङ लिरुङ हिमालको खोँचमा खसी बेपत्ता भएका विदेशी नागरिकको मृत्यु भएको छ। गत शुक्रबार रसुवाको स्याफ्रुबेशी हुँदै लाङटाङ लिरूङ हिमाल आरोहणका लागि स्याफ्रुवेशी-लाङटाङ हुँदै हिमाल गएका दुई विदेशी नागरिकहरु हिमालको आरोहणपछि तल फर्कने क्रममा ३४ वर्षीय स्लोभाकियन अन्द्रेज हुसेर्का खोँचमा खसेर बेपत्ता भएका थिए । बेपता भएका अन्द्रेजलाई उद्दार गर्न अल्टिच्युट एयरको हेलिकप्टर आएकोमा मौसमको खराबिको कारण खोजतलास नसकेर फर्किएको थियो। बिहीबार बिहान ८ बजेको समयदेखि अल्टिच्युट एयरको हेलिकप्टर काठमाडौंबाट लाङटाङ लिरुङ हिमालमा पुगेर खोँचमा खसेका अन्द्रेजको खोजतलास गर्दै जाँदा बिहान ११ बजेर ५५ मिनेटको समयमा फेला परेको थियो। अन्द्रेजलाई काठमाडौं त्रिवि शिक्षण अस्पताल लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

# खेलकुद क्षेत्रको विकास सरकारको प्राथमिकतामा छः मन्त्री काफ्ले

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले खेलकुद क्षेत्रको विकास सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ । खेलकुद क्षेत्रलाई सरकारले प्रमुखताका साथ अघि बढाउने उहाँले बताउनुभएको छ ।

मन्त्री काफ्लेले सरकारले खेलकुल पूर्वाधारसँगै खेलाडी प्रोत्साहनमा समेत लगानी बढाउने बताउनुभयो । मन्त्री काफ्लेले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा नेपालले उत्कृष्ट प्रदर्शन गर्दै आएको उहाँको भनाई छ। चरिकोटमा निर्माणाधिन रंगशाला निर्माण सम्पन्न गर्न प्रदेश सरकारले बजेट विनियोजन गर्ने पनि उहाँले बताउनुभयो । "खेल क्षेत्रको विकासमा राज्यले विशेष ध्यान दिनुपर्छ। पछिल्लो समय खेलकुदमा नेपालले फड्को मारेको छ । हाम्रा खेलाडिले समेत देश विदेशमा खेल जित्दै आएका छन् । सरकारले खेलाडी र खेल पूर्वाधारमा पनि महत्वका साथ लगानी गर्छ", मन्त्री काफ्लेले भन्नुभयो ।

उहाँले अबको राजनीति समाज परिवर्तन र विकासका लागि हुनुपर्ने बताउनुभयो। मन्त्री काफ्लेले शिक्षा क्षेत्रमा सुधार गर्न सकेमात्र देश परिवर्तन हुने बताउनुभयो । उहाँका अनुसार नेपाली युवालाई मुलुकभित्रै भविष्य खोज्ने वातवरण बनाउनु नै मुख्य चुनौती रहेको छ । यसबारे गम्भीर हुनु आवाश्यक रहेको उहाँले औँल्याउनुभयो । देश परिवर्तनको लक्ष्य रहेपनि केही व्यक्ति र समुहले विकास भएन भन्ने भाष्य निर्माण गर्न खोजीरहेको उहाँले दावी गर्नुभयो । नेपाली युवालाई उद्यमशीलताको बाटोमा सहज ढंगले लाग्ने वातावरण तयार गर्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

## बागमती प्रोस्कून अध्यक्षमा सापकोटा

# उपाध्यक्षमा मकवानपुरकी कल्पना



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड (बागमती प्रोस्कून) को चौथो वार्षिक साधारणसभाले सञ्चालक समिति र लेखा सुपरीवेक्षण समिति सर्वसम्मत चयन गरेको छ । शुक्रबार काठमाडौंमा भएको साधारणसभाले आगामी चार वर्षका लागि अध्यक्षमा उद्धव सापकोटा र उपाध्यक्षमा मकवानपुरकी कल्पना श्रेष्ठलाई चयन गरेको छ। श्रेष्ठ जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष समेत हुनुहुन्छ।

प्रदेश समितिको वरिष्ठ उपाध्यक्षमा जिवसराज खड्का, महासचिवमा गोविन्दप्रसाद काफ्ले, सचिवमा ठाकुरप्रसाद बास्कोटा र कोषाध्यक्षमा प्रदिप थापा चयन हुनुभएको छ । त्यस्तै सञ्चालकहरुमा लेमन श्रेष्ठ, कृष्ण गोविन्द लाखाजु, विकास बादे, हरिशचन्द्र सुवेदी, नवराज शर्मा, निर्मला धिताल, जगन्नाथ दाहाल, कृष्णहरि कोईराला, हेमबहादुर कार्की, भवानी देवी अधिकारी र शान्त लक्ष्मी खड्की चयन भएका छन् ।

लेखा समिति संयोजकमा देवप्रसाद त्रिपाठीसहित दुबै समिति सर्वसम्मत चयन गरेको हो। लेखा समिति सदस्यहरुमा कमला खनाल बोगटी र सरस्वती कतिला चयन हुनुभएको छ । साधारणसभाको अवसरमा मकवानपुरकी सहकारी अभियन्ता राधा सिन्तान र जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी व्यवस्थापक सुमित्रा वाईबा उत्कृष्ट व्यवस्थापकको रुपमा सम्मानित हुनुभएको छ । दुबैजनालाई नगद १० हजार रुपैयाँसहित सम्मान गरिएको छ ।

## आन्तरिक ऋणको...



धमाधम आन्तरिक ऋण उठाइरहेको छ । साउनमा नै आन्तरिक ऋण बोलकबोल तालिका स्वीकृत गराएर सोही अनुसार आन्तरिक ऋण परिचालन भइरहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख अमृत लम्साल बताउँछन् ।

सरकारले चालु आव ३ खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । जसमध्ये २३ कात्तिकसम्म आउँदा १ खर्ब रुपैयाँ आन्तरिक ऋण परिचालन भइसकेको उक्त तथ्यांकले देखाउँछ। तथ्यांक अनुसार प्रथम चौमास नसकिँदै सरकारले वार्षिक लक्ष्यको एक तिहाइभन्दा धेरै आन्तरिक ऋण परिचालन गरिसकेको छ।

सरकारले आन्तरिक ऋण परिचालन गर्न विभिन्न औजार प्रयोग गर्ने गर्छ । नेपाल सरकारले आन्तरिक ऋण परिचालन गर्न जारी गर्ने औजारलाई सरकारी ऋणपत्र भन्ने गरिन्छ। सरकारी ऋणपत्र बजारयोग्य उपकरण हो। जसमा लगानीकर्ताले ऋणपत्र जारी गर्ने संस्थाबाट निश्चित ब्याज प्राप्त हुने गरी लगानी गर्दछन् । देश विकासका लागि सरकारी खर्च गर्न आवश्यक साधन जुटाउन सरकारले विभिन्न किसिमको ऋणपत्र जारी गर्ने गर्दछ ।

विगतमा नेपाल राष्ट्र बैंकले सरकारको बैंकका रूपमा सार्वजनिक ऋण व्यवस्थापन गर्दै आए पनि हाल अर्थ मन्त्रालय अन्तर्गत सार्वजनिक ऋण व्यवस्थापन कार्यालय खडा गरी सोही कार्यालयले सार्वजनिक ऋण व्यवस्थापन गर्दै आएको छ । कार्यालयले सार्वजनिक ऋण परिचालनका लागि जारी गर्ने सरकारी ऋणपत्र मुख्यतया ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र गरी चार प्रकारका छन् ।

ट्रेजरी बिल एक वर्ष वा एक वर्षन्दा कम अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने अल्पकालीन सरकारी ऋणपत्र हो । ट्रेजरी बिल अवधिका आधारमा २८ दिने, ९१ दिने, १ सय ८२ दिने र ३ सय ६४ दिने गरी चार किसिमका हुन्छन् । विकास ऋणपत्र दुई वर्षभन्दा माथि अर्थात् मध्यम तथा दीर्घकालीन अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने सरकारी ऋणपत्र हो । यसबाहेक पनि नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र मार्फत आन्तरिक ऋण परिचालन हुने गरे भए पनि त्यसको हिस्सा नगण्य मात्रै छ ।

वैदेशिक रोजगारीमा जाने क्रम बढेसँगै रेमिट्यान्स बैंकिङ प्रणालीबाट भित्र्याउन प्रोत्साहित गर्ने र विदेशमा रहेको पूँजी आकर्षित गरी अर्थतन्त्रमा समग्र साधन परिचालन स्तर बढाउने उद्देश्यले २०६६/६७ देखि वैदेशिक रोजगार बचतपत्र निष्कासन गर्न थालिएको थियो । यस्तै नागरिकलाई लगानी र बचतमा प्रोत्साहन गर्ने उद्देश्यले सरकारले हरेक वर्ष आन्तरिक ऋण उठाउँदा नागरिक बचतपत्र पनि निष्कासन गर्ने गर्छ । तर, त्यसमा सार्वसाधारणको आकर्षण नदेखिँदा बैंक तथा वित्तीय संस्थाले लगानी गर्ने गरी विकास ऋणपत्र र ट्रेजरी बिल मात्रै आन्तरिक ऋण परिचालनको भरपर्दो औजार बनेको छ ।

सरकारले अल्पकालीन ऋण परिचालन गर्न ट्रेजरी बिल र दीर्घकालीन ऋण परिचालन गर्न विकास ऋणपत्र प्रयोग गर्दै आएको छ । चालु आव ३ खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएकोमा विकास ऋणपत्र मार्फत मात्रै २ खर्ब ९ अर्ब रुपैयाँ आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ । यस्तै ट्रेजरी बिलमार्फत १ खर्ब १५ अर्ब रुपैयाँ आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। नागरिक बचतपत्र मार्फत ५ अर्ब र वैदेशिक रोजगार बचतपत्र मार्फत १ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य छ । ट्रेजरी बिल सरकारले आवश्यकता अनुसार नवीकरण गर्छ। एक वर्षभन्दा कम अवधिको हुने भएकाले बैंकिङ प्रणालीमा तत्कालीन अवस्थामा रहेको तरलताले ट्रेजरी बिलको ब्याजदर निर्धारण गर्छ ।

विकास ऋणपत्र भने लामो अवधिको आन्तरिक ऋण परिचालन गर्ने औजार भएकाले विकास ऋणपत्रको ब्याजदर उच्च हुँदा त्यसले सरकारी ऋणको लागत समेत दीर्घकालीन रूपमा महँगो गर्न जान्छ। सामान्य अवस्थामा सरकारी ऋणपत्रको औसत ब्याजदर ५ देखि ६ प्रतिशत रहने गरेको विगतको तथ्यांकले देखाउँछ। तर, नेपालको बैंकिङ प्रणालीमा तरलता र ब्याजदरमा हुने तीव्र उतारचढाव प्रभाव आन्तरिक ऋणमा पनि लाग्ने गरेको छ ।

कोभिडका बेला लकडाउन भएपछि केही समय कर्जा लगानी हुन नसक्दा निक्षेपको ब्याजदर पनि घट्दै गयो। सोही कारण कोभिडपछि २०७७/७८ को २० माघ २०७७ मा बोलकबोल भएको विकास ऋणपत्रको ब्याजदर ३.८८ प्रतिशतसम्म झर्‍यो । तर, त्यसपछि २०७८/७९ र २०७९/८० मा बैंकिङ प्रणालीमा तरलता अभाव हुँदा विकास ऋणपत्रको ब्याजदर पनि माथि पुग्यो। २०७६/७७ मा विकास ऋणपत्रको औसत ब्याजदर ६.७७ प्रतिशत रहेकोमा २०७७/७८ मा घटेर ४.३३ प्रतिशतमा झर्‍यो। २०७८/७९ बाट पुनः बढ्न सुरु भयो । उक्त वर्ष औसतमा ७.७४ प्रतिशत पुगेकोमा २०७९/८० मा विकास ऋणपत्रको औसत ब्याजदर नै ८.६४ प्रतिशत पुग्यो । ६ पुस २०७९ मा भएको विकास ऋणपत्रको बोलकबोलमा १०.९३ प्रतिशत ब्याजदर कायम भएको थियो ।

बैंकिङ प्रणालीमा तरलता सहज हुँदै जाँदा २०८०/८१ मा विकास ऋणपत्रको ब्याजदर पुन घट्दै गएर ६.५४ प्रतिशत कायम भयो । चालु आव विकास ऋणपत्रको ब्याजदर नीतिगत दरभन्दा तल आएको छ । राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिमा नीतिगत ब्याजदर ५ प्रतिशत कायम गरेको छ । तर, विकास ऋणपत्रको ब्याजदर भने औसत ४.७१ प्रतिशतमा झरेको छ। २६ भदौमा ३.९५ प्रतिशत ब्याजदरमा नै विकास ऋणपत्र बोलकबोल भएको थियो। पछिल्लो पटक ८ कात्तिकमा बोलकबोल भएको विकास ऋणपत्रको ब्याजदर ४.२७ प्रतिशत कायम भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयल जनाएको छ।

चालु आव प्रथम त्रैमासमा बैंकिङ प्रणालीमा अधिक तरलता भएको अवस्थामा बढी आन्तरिक ऋण परिचालन गर्ने सोच अनुसार पहिलो त्रैमासमा मात्रै १ खर्ब १५ अर्ब आन्तरिक ऋण परिचालन भएको लम्सालले बताए। बैंकिङ प्रणालीमा भएको अधिक तरलता उपयोग गर्ने सोचले आन्तरिक ऋण बोलकबोल तालिका स्वीकृत भएको हुन सक्ने उनको भनाइ छ । ब्याजदरका कारण सरकारले सार्वजनिक ऋणको ब्याज भुक्तानी गर्दा लाग्ने बजेट समेत घट्ने लम्साल बताउँछन् । गत वर्ष विनिमय दरका कारण विदेशी ऋण लागतमा केही बचत भए पनि यसपालि ब्याजदर घट्दा आन्तरिक ऋण लागत घट्ने अवस्था आएको उनले बताए ।

सरकारले चालु आव आन्तरिक र वाह्य ऋणको सावाँ र ब्याज भुक्तानीका लागि ४ खर्ब २ अर्ब रुपैयाँ विनियोजन गरेको छ । जसमध्ये आन्तरिक ऋणको सावाँ र ब्याज भुक्तानीका लागि २ खर्ब ७५ अर्ब ७९ करोड विनियोजन गरेको छ। आन्तरिक ऋणको सावाँ मात्रै १ खर्ब ८२ अर्ब ५५ करोड ७४ लाख भुक्तानी गर्नुपर्ने छ। जसमध्ये असोज मसान्तसम्म ५९ करोड ४० लाख भुक्तानी भएको कार्यालयको तथ्यांक छ।

यस्तै ब्याज भुक्तानीका लागि ९३ अर्ब २३ करोड ३० लाख बजेट छ । जसमध्ये असोज मसान्तसम्म ११ करोड ८५ लाख ४६ हजार भुक्तानी भएको छ। चालु आव ब्याजदर घट्दा आन्तरिक ऋणको ब्याज भुक्तानीमा उक्त बजेट खर्च नहुने लम्साल बताउँछन् । 'मंसिरसम्म ब्याजदर बढ्ने अवस्था देखिँदैन। त्यसपछि ब्याजदर केही वृद्धि भए पनि आर्थिक वर्षको अन्तिममा निक्षेप वृद्धिसँगै पुनः तरलता बढेर ब्याजदर तल आउँछ,' उनले भने, 'यसले आन्तरिक ऋणको लागत कम हुन्छ। ब्याज भुक्तानीमा विनियोजन भएको बजेट खर्च नहुन सक्छ। गत आव वाह्य ऋणमा विनिमय दरका कारण केही फाइदा भएकोमा यो वर्ष विनिमय दर बढ्न लागेकाले त्यसको दबाब वाह्य ऋणको सावाँ-ब्याज भुक्तानीमा पर्न सक्ने देखिन्छ ।'

चालु आव लागेपछि सरकारले सवा खर्ब आन्तरिक ऋण परिचालन गर्दा पनि बैंकिङ प्रणालीमा करिब ३ खर्ब अधिक तरलता छ । राष्ट्र बैंकको २३ कात्तिकको तथ्यांक अनुसार बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि निक्षेप संकलन उपकरणमा १ खर्ब र स्थायी निक्षेप सुविधामा १ खर्ब ८५ अर्ब १५ करोड लगानी गरेका छन् । बैंकहरूले अधिक तरलता भए पनि ३ प्रतिशत वा त्यसभन्दा कम लागतमा राष्ट्र बैंकमा कुल २ खर्ब ८५ अर्ब १५ करोड तरलता राखेको २३ कात्तिकको तथ्यांकले देखाउँछ। कर्जा माग सुस्त रहेको, तर उच्च दरमा रेमिट्यान्स वृद्धि भएर निक्षेप लगातार बढ्दा तत्काल ब्याजदर बढ्न अवस्था छैन । यस्तोमा चालु आव आन्तरिक ऋणको लागत तत्काल बढ्ने अवस्था छैन ।

*(स्रोतः अनलाइनखबर)*

## शिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२१)*

बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८१/०७/०९ को च.नं. ५९९ को प्राप्त गा.पा. अनुदान शिक्षक पदपूर्तिका लागि अनुमति पत्रानुसार र यस विद्यालयको मिति २०८१/०७/१३ गते बसेको वि.व्य स. को बैठकको निर्णयअनुसार यस विद्यालयमा नि.मा.वि तहको (अंग्रेजी) विषयको गा.पा. अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ ।

**बिज्ञापन नः ०१/०८१/०८२**

तह : निमावि अंग्रेजी
सख्या : १ (एक)
दरबन्दी प्रकार : गा.पा अनुदान कोटा
नियुक्तिको प्रकार : करार
योग्यता : मुख्य विषय अंग्रेजी लिई +१२ वा सो सरह गरेको
उमेर : १८ बर्ष पुरा भई ४० ननाघेको
तलबभत्ता : स्थानीय सरकारले तोके बमोजिम
निवेदन दस्तुर : १,५००/- (पन्ध्र सय)
दरखास्त दिने अन्तिम मिति : २०८१/०८/०५ गते बेलुका ४:०० सम्म
परीक्षाको किसिम : लिखित/अन्तरर्वाता
दरखास्त बुझाउने स्थान : श्री सीता आवि ठाडिखोला

**आवश्यक कागजातहरू**

- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ थान
- नागरिकताको प्रतिलिपि २/२ थान
- हस्तलिखित निवेदन २/२ थान फाइलिङ हुनुपर्ने
- अध्यापन अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता

थप जानकारीको लागि : ९८४०७२५०७० (अध्यक्ष), ९८४५५३७६७६ (प्रअ)

**प्रधानाध्यापक**

**श्री सीता आधारभूत विद्यालय**

**बागमती गा.पा.-६, ठाडीखोला, मकवानपुर**

**(यसअघि प्रकाशित सूचनामा सूचना प्रकाशित मिति २०८१ कात्तिक २१ गते हुनुपर्नेमा असावधानीवस अन्यथा भएकोले सच्याइएको छ ।)**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ